"समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार"

आ. व. २०७९।०८० को वार्षिक प्रगति समीक्षा

# बगनासकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा ।

०९ आश्विन २०८०

जिल्ला समन्वय समितिमा

प्रस्तुतीकरण



गाउँपालिकाको कार्यालय



निर्माणधिन गाउँपालिकाको कार्यालय

# प्रस्तुतीका विषयहरु:

१ – गाउँपालिकाको परिचय

२ – आ. व. २०७९/०८० को वार्षिक लक्ष तथा प्रगति (भौतिक र वित्तिय)

३ – आन्तरिक आय

४ – अनुकरणीय/मूख्य मूख्य कार्य

५ – मूख्य समस्या र चुनौती

६ – केन्द्र, प्रदेश र जिल्लासँगको अपेक्षा



# १ – गाउँपालिकाको परिचय

## ऐतिहासिक चिनारी तथा नामकरण

गाउँपालिकाको नामाकरण गर्ने क्रममा शुरुमा यहाँका राजनैतिक दलहरुमा दुई मत रहेको थियो। पहिलो मत साविक यम्घा, दर्लमडाँडा र खानिगाउँ गा.वि.स.को काखमा बहने पवित्र कालिगण्डकी नदीको नामबाट नामाकरण गरी कालिगण्डकी गाउँपालिका नामाकरण गर्ने भन्ने थियो भने दोस्रो मत साविक चिर्तुङ्गधारा गा.वि.स.को शिरमा रहेको पवित्र धार्मिक स्थल बगनासदेवी स्थानको नामबाट बगनासदेवी गाउँपालिका नामाकरण गर्ने भन्ने रहेको थियो। अन्त्यमा दुवै नामलाई मिलाई नामाकरण गर्ने सहमति भए पछि बगनासदेवीको बगनास र कालिगण्डकीको काली शब्दको संयोजनवाट बगनासकाली गाउँपालिका नामाकरण भएको हो। यहाँको पवित्र धार्मिक स्थल बगनासदेवी स्थानको ईतिहास निकै पुरानो मानिन्छ। परापूर्वकालमा चिलाङ्गदी भन्ज्याङ्गको आसपासमा घना वन थियो। मानिसहरुको आबादी बढ्दै जाँदा घना वन मासेर बस्ती बसाईएकोले यो ठाँउलाई वनमासा भनियो। बगनास डाँडाको शिरमा देविको मन्दिर स्थापना गरी यस ठाउँलाई पवित्र स्थानका रुपमा पूजिदै आईयो। कालान्तरमा बननास शब्द अपभ्रम्स भएर बगनास भएको किम्वदन्ती रहेको छ। राज्य पुनर्संरचना गरि संघीय शासन व्यवस्था लागु गर्ने सन्दर्भमा साविक चिर्तुङ्गधारा गा.वि.स.को कार्यालय भएको भवनबाट कार्यालय सञ्चालन भई रहेको छ।

# १ – क्रमश

## भौगोलिक अवस्थिति र बनोट

बगनासकाली गाउँपालिका, पाल्पाको सदरमुकाम तानसेन नगरपालिका देखी ७ कि.मि. उत्तरमा अवस्थित छ । यो गाउँपालिका ८४.१६ बर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यहाँको कुल जनसँख्या (२१३६१ रहेको छ । यस गाउँपालिकाको पूर्वमा रम्भा गाँउपालिका, पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालिगण्डकी नदी, दक्षिणमा माथागढी गाँउपालिका पर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार महिला- १०१०१, पुरुष- ८३९६ गरी जम्मा १८४९७ रहेको छ । यस गाउँपालिकाको केन्द्र साविक चिर्तुङ्गधारा गा.वि.स.को चिलाङ्दी भञ्याङ्मा राख्ने सहमति भएता पनि हाल कार्यालय संचालनका लागि भौतिक पूर्वाधार नभएका कारण साविक चिर्तुङ्गधारा गा.वि.स.को कार्यालय भएको भवनबाट कार्यालय संचालन भई आएको छ । कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको छ । कार्यालयको भवन निर्माण भएपछि सोहि भवनबाट कार्यालय संचालन हुनेछ ।

# धार्मिक एवं पर्यटकीय क्षेत्र

धार्मिक, ऐतिहासिक, पर्यटकीय तथा महत्वपूर्ण स्थल-बगनास देविस्थान, दर्लम महाकाली, महामृत्युन्जय शिवासन, सिद्ध गुफा मन्दिर, रामनदी (राम्दी) धाम, मालारानी, रानीमहल क्षेत्र, ऋषिकेषेश्वर मन्दिर, बौद्ध गुम्वा, माडी फाँट, सिद्धबाबा मन्दिर, भगवती मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, चेचीकोट मन्दिर, आर्यभङ्ग्याङ्ग, चिलाङ्दी भङ्ग्याङ्ग, झिरभङ्ग्याङ्ग, तिनछाँगा, चमेरे गुफा, गुडुवाखोला आदि रहेका छन् ।

# राजनीतिक अवस्थिति:

“बगनासकाली गाउँपालिका” नेपाल सरकारद्धारा २०७३ फागुन ९ मा निर्णय गरी २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको हो ।गरे पछि यसको विधिवत स्थापना भएको हो।यस बगनासकाली गाउँपालिकामा साविकका ९ वटा गाउँ विकास समितिहरुलाई ९ वटा वडामा समायोजन गरी, नेपाल सरकारको मिति २०७३।११।२९ को निणर्य अनुसार यो गाउँपालिका स्थापना भएको हो। अहिले (साविकको चिर्तुङ्धारा गा.वि.स.) वार्ड न. १, त्यसैगरी (साविकको पोखराथोक गा.वि.स.) वार्ड न. २, (साविकको नायरनमतलेस गा.वि.स.) वार्ड न. ३, (साविकको खानिछ्राप गा.वि.स.) वार्ड न. ४,(साविकको दर्लमडाँडा गा.वि.स.) वार्ड न. ५, (साविकको यम्घा गा.वि.स.) वार्ड न. ६,(साविकको खानीगाउँ गा.वि.स.) वार्ड न. ७,(साविकको बराङ्गदी गा.वि.स.को वाड न. १, ७, ९) वार्ड न. ८ र (साविकको चापपानी गा.वि.स.) हालको वार्ड न. ९ वनेको छ।यस गाउँपालिकामा विभिन्न कला, संस्कृति, भाषा, धर्म, जातजातिका समुदायको समिश्रण रहेको छ।यहाँ ब्राह्ममण, क्षेत्री, मगर, नेवार, दलित, कुमाल, बोटे जातिको बसोवास रहेको छ ।

# जातजाति र जनसांख्यिक विवरण

राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याको विविध पक्षहरुको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार बगनासकाली गाउँपालिकाको जनसंख्या २१,३६१ रहेको थियो । WASH घरपरिवार सर्वेक्षण, २०७६ अनुसार बगनासकाली गाउँपालिकाको जनसंख्या २८,८४९ रहेको छ जस मध्ये पुरुष १३,९४६ जना र महिला १४,८९७ जना रहेका छन् । जातजातिका आधारमा घरपरिवार विवरण अन्तर्गत आदिवासी जनजाति-२,५७४, ब्राह्मण, क्षेत्री-२,०५०, दलित-५५२, मधेसी-४ मुस्लिम-३ सिमान्तकृत-७६ रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार महिला-१०,१०१ पुरुष- ८,३९६ गरी जम्मा १८,४९७ रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार परिवार संख्या ५,११५ परिवारको औसत आकार ३.६, लैङ्गिक अनुपात ८३, वार्षिक जनसंख्या बृद्धिदर-१ प्रतिशत, जनघनत्व २२० र साक्षरता दर जम्मा ८२.५ प्रतिशत छ ।जसमा पुरुष ९१ प्रतिशत र महिला ७४ प्रतिशत रहेको छ ।

## शैक्षिक संस्था

यस गाउँपालिकामा सरकारी विद्यालय : ३० र निजी विद्यालय-७ गरी जम्मा ३७ विद्यालय रहेका छन् । जसमध्ये पूर्व प्राथमिक (इ.सि.डी) २४, आधारभूत तह (१-५) ११, आधारभूत तह (६-८) ९, मा.वि. (९-१०)-१० र प्राविधिक शिक्षा १ वटा रहेका छन् ।

## स्वास्थ्य संस्था

स्वास्थ्य चौकी ९, सामुदायिक स्वास्थ्य इकाई-१ र आयुर्वेद केन्द्र-१ रहेका छन् । प्रत्येक वडामा १/१ वटा स्वास्थ्य चौकी रहेको छ भने वडा नं. ८ मा आयुवर्दे केन्द्र रहेको छ ।


## सहकारी संस्था

यस गाउँपालिकामा जम्मा ३१ वटा सहकारी संस्था रहेका छन् । यसमध्ये प्रदेशतर्फको श्रम सहकारी संस्था पनि हालै गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेको छ ।

# २ – आ. व. २०७९।०८० को वार्षिक लक्ष तथा प्रगति (भौतिक र वित्तिय)

## क) भौतिक लक्ष र प्रगतिः लक्ष्य १०० % प्रगति ९६.००%


विषयगत समितिका आधारमा सम्पन्न योजना/कार्यक्रमहरुः जम्मा ४०६



# २ – क्रमश ...

## क) भौतिक लक्ष र प्रगति: लक्ष्य १०० %  प्रगति ९६.००%

## क्षेत्रगत आधारमा सम्पन्न योजनाहरु:




# २ – क्रमश ...

## क) भौतिक लक्ष र प्रगति: लक्ष्य १०० % प्रगति ९६.००%

## लक्षित समूहतर्फका कार्यक्रमहरु:

**कार्यक्रमहरु**




- महिला लक्षित - १०
- युवा लक्षित - १०
- जनजाति लक्षित - १०
- अपाङ्गता लक्षित - ९
- बालबालिका लक्षित - ९
- दलित वर्ग लक्षित - १०
- जेष्ठ नागरिक लक्षित - ९

# २ – क्रमश ...

## क) भौतिक लक्ष र प्रगतिः लक्ष्य-१०० % प्रगति-९६.००%

### सडक निर्माण,मर्मत तथा संभार







## २ – क्रमश ...

## क) भौतिक लक्ष र प्रगतिः लक्ष्य-१०० % प्रगति-९६.००

### विभिन्न योजना/कार्यक्रमहरूको अवस्थाः




- समझौता भई सम्पन्न भएका - ४०५
- समपुरक कोषतर्फका ठेक्काबाट सम्पन्न - ६
- ठेक्काद्वारा सञ्चालित सम्पन्न - २६
- यस आ.व. मा क्रमागत - २
- गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन
- पन्ध्र शैया अस्पताल भवन निर्माणाधिन

२ – क्रमश ...

ख) वित्तिय लक्ष र प्रगतिः लक्ष्य-१०० %   प्रगती- ८९.१७%

| सि.नं. | विवरण | विनियोजित | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १) | चालु | ३६ करोड १२ लाख २१ हजार | ३३ करोड २२ लाख ३६ हजार ४२७.४४ | ९१.९८ |
| २) | पूर्जिंगत | १८ करोड ५५ लाख ७५ हजार | १५ करोड ५३ लाख ८६ हजार ७७५ | ८३.७३ |
| कूल बजेट | | ५४ करोड ६७ लाख ९६ हजार | ४८ करोड ७६ लाख २३ हजार २०२.४४ | ८९.१७ |

# २ - क्रमश ...

## संघीय सरकारबाट प्राप्त अनुदान

| क्र.सं. | विवरण | निकासा रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ९ करोड ८९ लाख ७५ हजार | ९ करोड २१ लाख ७२ हजार ४८० | - |
| २ | सशर्त अनुदान | २५ करोड ७३ लाख २१ हजार | २३ करोड ८४ लाख ८७ हजार ५६४ | १ करोड ८८ लाख ३३ हजार ४३३ |
| ३ | समपुरक अनुदान | ३७ लाख २५ हजार ५८२ | ३२ लाख ४७ हजार ३१८ | ४ लाख ७८ हजार २६४ |
| ४ | विशेष अनुदान | ६३ लाख ७३ हजार ४६५ | ६०लाख ३ हजार ८३१ | ३ लाख ६९ हजार ६३४ |
| | जम्मा | ३६ करोड ६३ लाख ९५ हजार ०४७ | ३३ करोड ९९ लाख ११ हजार १९३ | १करोड ९६ लाख ८ हजार १३३ |

# २ – क्रमश ...

## प्रदेश सरकारबाट प्राप्त अनुदान

| क्र. सं. | विवरण | निकासा रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ५७लाख ६६ हजार | ५५ लाख २९ हजार ८६४ | - |
| २ | सशर्त अनुदान | ९५ लाख | ९० लाख ८५ हजार ९८० | ४ लाख १४ हजार २० |
| ३ | समपुरक अनुदान | १ करोड २४ लाख १४ हजार ९३६ | १ करोड २४ लाख १४ हजार ९३६ | - |
| ४ | विशेष अनुदान | ७८ लाख | ६९ लाख ८१ हजार १०८ | ८ लाख १८ हजार ८९२ |
| | जम्मा | ३ करोड ५४ लाख ८० हजार ९३६ | ३ करोड ४० लाख ११ हजार ८८८ | १२ लाख ३२ हजार ९१२ |

# २ – क्रमश ...

## अन्तरसरकारी अख्तियारीतर्फ

| क्र.स | विवरण | बजेट रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | १२ करोड १६ लाख १९ हजार २७९ | १२ करोड १६ लाख १९ हजार २७९ | १ लाख ९७ हजार २६८ |
| २ | एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ३ करोड ३९ लाख ७७ हजार | ३ करोड ३९ लाख २९ हजार ६१९ | ४७ हजार ३८१ |
| ३ | प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २ करोड ५० लाख | २ करोड ३९ लाख ९१ हजार ९८६ | ११ लाख ८ हजार १४ |
| ४ | भाषा तथा संस्कृति | ४२ लाख | ३५ लाख ५९ हजार ४६७ | ६ लाख ४० हजार ५३३ |

# २ – क्रमश ...

## विभिन्न कोष खातातर्फ

| क्र.स | विवरण | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन कोष | १ करोड ३३ लाख २८ हजार २४२ | ६० लाख ६८ हजार ६०६ | ७२ लाख ५९ हजार ६३६ |
| २ | विविध कोष खाता | १७ लाख ७५ हजार | ९ लाख ८ हजार ३२३ | ८ लाख ६६ हजार ६७७ |
| ३ | विविध खर्च खाता | २१ लाख ५५ हजार ७३४ | १५ लाख ३२ हजार २८४ | ६ लाख २३ हजार ४५० |
| ४ | धरौटी खाता | १ करोड ११ लाख १० हजार ४५२ | २५ लाख ६३ हजार ७७४ | ८५ लाख ४६ हजार ६७८ |
| ५ | विभाज्य कोष | १४ लाख ८७ हजार ३९ | १४ लाख ८७ हजार ३९ | - |
| | जम्मा | २ करोड ९८ लाख ५६ हजार ४६७ | १ करोड २५ लाख ६ हजार २६ | १ करोड ६२ लाख ९६ हजार ४४१ |

# ३ – आन्तरिक आय विवरण

| क्र.सं. | आय विवरण | आय अनुमान | प्राप्त आय |
|---|---|---|---|
| १ | आन्तरिक आय (गाउँपालिका) | ६० लाख ७५ हजार | ६८ लाख ३७ हजार ६३५ |
| २ | राजस्व वाँडफाँड (स्थानीय) | १४ लाख | १४ लाख ३८ हजार ३८ |
| ३ | राजस्व बाँडफाँड (प्रदेश) | ६९ लाख २१ हजार | ५५ लाख १६ हजार ८५५ |
| ४ | राजस्व बाँडफाँड (संघीय) | ८ करोड ८ लाख ८८ हजार | ७ करोड २५ लाख २३ हजार ५०४ |
| | जम्मा | ९ करोड ५२ लाख ८४ हजार | ८ करोड ६३ लाख १६ हजार ३२ |

# ४ - अनुकरणीय / मूख्य मूख्य कार्यहरू

❖ वडातहमै उपभोक्ता समितिसँग आयोजना संझौता गरी र बैंक खाता खोल्ने अभियान सम्पन्न गरिएको ।

❖वार्षिक नीति तथा कार्यक्रमका लागि राय, परामर्श तथा सुझाव संकलन गर्न पत्रकार, सर्वदलीय र सर्वपक्षीय अन्तरक्रियात्मक कार्यक्रम गरिएको ।

❖ गाउँपालिकाद्धारा वडा स्तरीय एकीकृत घुम्ती सेवा सम्पन्न ।

❖ गाउँपालिकाबाट व्यक्तिगत श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृतिको शुरुवात

❖ गा.पा, वडा, स्वास्थ्यचौकी, CLC लगायतका कार्यालयमा विद्युतियहाजिर गरी केन्द्रिकृत प्रणालीबाट चेकजाँच र बिदा स्वीकृती ।

❖ आवधिक गाउँ बिकास योजना (आ.व.२०८०/८१-२०८४/८५) निर्माण सम्पन्न ।

❖ सूचना तथा तथा अभिलेख केन्द्रको स्थापन ।

## – क्रमश ...

- आर्थिक कारोवारको सम्पूर्ण भुक्तानी विद्दुतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer -EFT) को प्रयोगबाट गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता सहज र सरल रुपमा वडा तहमै वितरण गर्न उचित व्यवस्था मिलाउनुका साथै ग र घ वर्गको परिचयपत्र बाहकलाई क्रमशः रु ५००।- र ३००। मासिक भत्ता उपलब्ध गराईएको ।
- जिल्लाका स्थानीय तहहरु मध्ये सर्वप्रथम यस गाउँपालिकामा सिभिल प्रयोगशाखाको स्थापना तथा सञ्चालन ।
- अभिभावक विहिन वालवालिकाहरुलाई प्रत्येक महिना रु. १०००।– का दरले आर्थिक सहयोग उपलब्ध गराईएको ।
- लिफ्टिङ्ग खानेपानीको बिद्युत महशुलमा ६०% र मोटर खरिदमा ६० % प्रतिशत अनुदान दिने व्यवस्था ।
- सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन सुविधा वापत मासिक रु १०००।– व्यवस्था ।

- स्थानिय पाठ्यक्रम कक्षा १-३ सम्म तयारी पाठ्यपुस्तक निशुल्क वितरण ।
- महिला मात्र सहभागिता गराइ ३० वटा उ.स.गठन गरी कार्य सम्पन्न ।
- टोलविकास संस्था गठन ७६ र अभिमुखिकरण सम्पन्न ।
- लम्पिङ्गस्किन रोगबाट खोप ३०० पशुलाई दिईएको ।
- कार्यालयको व्यवस्थापन परीक्षण (Management Audit) गरिएको ।
- सडकको क्षेत्राधिकार निर्धारण ( Right of Way) निर्धारण गरीएको ।
- सह-शताब्दी लक्ष्य विकास सूचाङ्कलाई स्थानियकरण गरिएको ।
- घर भवनको नक्सापास, अभिलेखिकरण विधिवत् रुपमा सफ्टवेयर मार्फत सम्पत्तिकर संकलन, खानेपानी मुहान दर्ता अनिवार्य, बहाल कर, बिटौली कर, घर भाडा कर लगायत क्षेत्रलाई प्रचलित ऐन नियमा ल्याई व्यवस्थापन र आन्तरिक आय बृद्धि सम्बन्धी कार्यको कडाईसाथ कार्यान्वयन गरिएको ।

# निर्माण सम्पन्न संरचनाका फोटाहरु









# कार्यक्रम एवं गतिविधिका विभिन्न फोटोहरु














वडा तहमा योजना सम्झौता तथा बैक खाता संचालन



गाउँपालिकास्तरीय एकीकृत घुम्ती शिविर संचालन








कृषि कार्यक्रम अन्तर्गत कृषि यान्त्रिकरण हस्तान्तरण




पहिलो पटक पुनः श्रम स्वीकृति हस्तान्तरण कार्यक्रम



राष्ट्रिय खोपको पूर्णखोप गाउँपालिका सुनिश्चतता



# ५)  मूख्य समस्या र चुनौतीहरू

१) आन्तरिक आम्दानीको कमी वा अभावले सबै आयोजना तथा कार्यक्रमहरूलाई सम्बोधन गर्न नसक्नु ।

२) साविक गा.वि.स. देखि कार्यरत अस्थायी र स्थायी कर्मचारीको लागी सेवाको सुनिश्चितता गरी व्यवस्थापन गर्न नसक्नु ।

३) राजश्व बाडँफाँड तर्फ बजेट शिलिङ्ग प्राप्त  भई योजना तथा कार्यक्रम तय भई कार्यक्रम सम्पन्न हुनु तर बजेट निकासा नहुँदा सम्पन्न योजना तथा कार्यक्रमको भूक्तानी गर्न नसकी दायित्व श्रृजना हुनु ।

(आ.व. २०७९/०८० मा ८३ लाख ६४ हजार ५०० बजेट प्राप्त नभएको।)

# ६ – केन्द्र, प्रदेश र जिल्लासँगको अपेक्षा

## क) केन्द्रसँगको अपेक्षा

❑ आन्तरिक आय अति कम भएका स्थानीय तहहरूलाई थप बजेटको विशेष व्यवस्था गरिनु पर्ने ।

❑ स्थानीय तहलाई आवश्यक पर्ने व्यवहारिक नमुना कानुनहरु समयमै तर्जुमा गरी उपलब्ध हुनुपर्ने ।

❑ संघीय बजेटको समानीकरणलाई वृद्दि गर्दैं लैजाने ।

❑ न्याय सम्पादनका लागी कानुन तर्फको अधिकृत वा सहायक कर्मचारीको व्यवस्था गर्नुपर्ने।


# ६ – क्रमश ...

## ख) प्रदेशसँगको अपेक्षा

- नियमित रुपमा अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनका लागि आपसी समन्वय हुनुपर्ने ।
- योजना तथा कार्यक्रमहरु पूर्ण रुपमा सम्पन्न हुन सक्ने गरी पर्याप्त बजेटको व्यवस्था हुनु पर्ने ।
- प्रदेशले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरूमा स्थानीय तहको अर्थपूर्ण भूमिका हुनुपर्ने ।
- प्रदेशस्तरका कार्यालयसँगको सम्बन्धलाई सुदृढ गरिनुपर्ने ।

## ग) जिल्लासँगको अपेक्षा

- ❑ जिल्लाका सबै स्थानीय तहमा कार्यसम्पादन हुने अधिकांश काम कारवाहीमा एक रुपता कायम राख्ने व्यवस्था मिलाउनुपर्ने ।
- ❑ मासिक समन्वयात्मक छलफल वा यस्तै कुनै विधि अपनाई समन्वयकारी भूमिकालाई व्यापक र प्रभावकारी बनाउनु पर्ने ।
- ❑ विभिन्न योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई विस्तार गरी नियमित रुपमा गर्ने, गराउँने परिपाटीको विकास गर्ने ।






धैर्यता पूर्वक ध्यान दिनु भएको मा हार्दिक धन्यवाद ।

जय बगनासकाली ।